# इच्छाकामना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश,नेपाल

प.स.०७७/०७८ च. नं : ९४६ मितिः २०७७/०९/२८

**<u>टोल बिकास समिति दर्ता तथा संचालन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!</u>**

उपरोक्त सम्बन्धमा यस इच्छाकामना गाउँपालिकाको बिभिन्न वडा, टोल तथा बस्ति स्तरमा प्रवाह हुने सेवामा टोलबासीहरुको पहुँच अभिवृद्धि गर्ने, टोल, बस्तिस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने आर्थिक सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने, टोलको समग्र बिकासका लागी कार्यक्रम तय गर्ने, सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मुल्यांकन प्रक्रियामा सहभागी गराउने कार्यका लागी यस गाउँपालिकाको टोल बिकास संस्था सञ्चालन कार्यबिधी २०७५ बमोजिम संस्था दर्ताका लागी यसइच्छाकामना गाउँपालिकाका सबै वडाका सबै टोलमा टोल बिकास संस्था अनिवार्य रुपमा दर्ता गराउनु हुन सूचित गरिन्छ साथै यस गाउँपालिकाका सबै टोल बिकास संस्थाहरुलाई यस आर्थिक बर्ष २०७७।०७८ मा टोल बिकास संस्था व्यवस्थापनको लागि रु २५,००० ( अक्षरुपि पच्चिस हजार रुपैयाँ मात्र) प्रदान गर्ने गरि बजेट बिनियोजन भएको छ । सो टोल विकास संस्था दर्ता प्रकृया पुरा गरी विनियोजित वजेट कार्यान्वयन गर्न हुन यो सूचना मार्फत सूचित गरिन्छ।

**गीता कुमारी गुरुङ**
**गाउँपालिका अध्यक्ष**

गाउँपालिका
अध्यक्ष